# कार्यपालिका बैठकको निर्णय
# प्रमाणित पुस्तिका
## बैठक संख्याः - १८।२०७५०७६
## मितिः- २०७५।१२।२०


फेदाप गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
पोक्लावाङ, तेह्रथुम
१ नं. प्रदेश, नेपाल

Contact No:- 9852080500 (Chairperson), 9852080600 (Chief Administrative Officer), 9852080700 (Vice Chairperson)

E-mail:-fedap.ruralmun@gmail.com

Facebook:- http://www.facebook.com/fedap.rural.municipality

Website:- http://www.phedapmun.gov.np

फेदाप गाउँपालिका

# गाउँ कार्यपालिकाको कार्यालय

पोक्लावाङ, तेह्रथुम

१ नं. प्रदेश, नेपाल

फेदाप गाउँपालिका गाउँ कार्यपालिकाको कार्यालय पोक्लावाङ, तेह्रथुम १ नं. प्रदेश नेपाल

यस गाउँ कार्यपालिकाका अध्यक्ष श्री हरी प्रसाद चोङवाङ (लिम्वु) ज्यूको अध्यक्षतामा, कार्यपालिकाका १३ जना सदस्यको उपस्थितिमा कार्यपालिकाको वैठक (वैठक संख्या -१९।२०७५-०७६) मिति २०७५।१२।२० गते बुधबार गाउँ कार्यपालिकाको कार्यालयमा सम्पन्न भई निम्नानुसारको निर्णय भएको व्यहोरा स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ८४ को उपदफा १ (ज) को अधिनमा रही प्रमाणित गरेको छु ।

निम्न:

१. वडा कार्यालय तथा स्वास्थ्य चौकीको भाडा संबन्धमा

यस गाउँपालिका अन्तर्गतका निम्नानुसारका वडा कार्यालयहरुको कोठा बिभिन्न सहकारीलाई आफ्नो कार्यालय संचालन गर्न प्रदान गरिएको र स्वास्थ्यचौकीमा निजी बिद्यालय संचालन भइ रहेकोमा चालु आ.ब. २०७५।०७६ को सुरु देखी नै लागू हुने गरी निम्नानुसारको भाडा दर कायम गर्ने । वडा कार्यालयले उक्त भाडादरमा उक्त संस्थाहरु संग संझौता गरी भाडा बापत उठेको रकम गाउँपालिकाको संचित कोषमा जम्मा गर्नु पर्ने । प्रत्येक आर्थिक बर्षको शुरुवातमा संझौता नविकरण गर्नु पर्ने ।

निम्न:

१. वडा नं. १ को कार्यालयमा अवस्थि सहकारीलाई - बार्षिक रु. ५,०००।-
२. वडा नं. २ को कार्यालयमा अवस्थित सहकारीलाई प्रति सहकारी - बार्षिक रु. ८,०००।-
३. वडा नं. ३ को स्वास्थ्य चौकीमा संचालित निजी विद्यालयलाई - बार्षिक रु. २५,०००।-

पुनश्च वडा नं. २ को कार्यालयमा संचालित सहकारीहरुको संझौताको म्याद चालु आ.ब. २०७५।०७६ सम्म मात्र कायम गर्ने । अर्को आर्थिक बर्ष पछी संझौता नविकरण नगर्ने । सहकारीले आफ्नो ब्यवस्था आफैं गर्नु पर्ने ।उक्त सूचना सहकारीलाई उपलब्ध गराउने ।

२. घरेलु तथा साना उद्योग बिकास समिति, तेह्रथुमले पेश गरेको कार्यक्रम संबन्धमा

घरेलु तथा साना उद्योग बिकास समिति, तेह्रथुमको मिति २०७५।१२।१५ को सूचना तथा च.नं. ४९४, मिति २०७५।१२।१५ को पत्रानुसार युवा उद्यमशिलता तथा रोजगारी सिर्जना कार्यक्रम अन्तर्गत यस गाउँपालिकामा संचालन हुने ७ दिने व्यवसायिक मौरीपालन विषयको तालिमको लागि १० जना सहभागी सिफारिस गरी पठाउनु पर्ने तथा मिति २०७५।१२।१६ को सूचना तथा च.नं. ४९३, मिति २०७५।१२।१६ को पत्रानुसार भवत सर्वजित सिप प्रवर्द्धन कार्यक्रम (लक्षित बर्ग दलित) अन्तर्गत यस गाउँपालिमा संचालन हुने २ महिने आधारभूत ढाका कपडा बुनाई तालिमको लागि १० जना सहभागी सिफारिस गरी पठाउनु पर्ने भएता पनि उक्त सूचना तथा पत्र यस कार्यालयको मेलमा मिति

फेदाप गाउँपालिका गाउँ कार्यपालिकाको कार्यालय पोक्लाबाङ, तेह्रथुम १ नं. प्रदेश नेपाल

२०७५।१२।२० गते मात्र प्राप्त भएकोले उक्त कार्यक्रमहरुको लागि सहभागीको सिफारिस एक हप्ता पछि मात्र गर्ने । उक्त सूचना घरेलु तथा साना उद्योग विकास समिति, तेह्रथुमलाई उपलब्ध गराउने ।

## ३. बैठक ब्यबस्थापन संबन्धि आचार संहिता

यस गाउँपालिकाको बैठक ब्यबस्थापन संबन्धि कार्यविधि, २०७५ लाई संशोधन नगरिन्जेल सम्मको लागि स्थानीय कार्यपालिकाको बैठकलाई मर्यादित, अनुशाषित, नियमित बनाउनको लागि सम्पुर्ण सदस्यहरुले अनिवार्य रुपमा पालना गर्नु पर्ने गरी निम्नुसारको आचारसंहिता लागु गर्ने ।

१. अध्यक्ष ज्यू प्रवेश गर्नु भन्दा अगाडी हल भित्र प्रवेश गरि सक्नु पर्ने ।
२. अध्यक्ष ज्यू निस्के पछि मात्र अरु सदस्य निस्कनु पर्ने ।
३. कार्यपालिकाको मिटिङमा मोबाइल निषेध गर्ने, अनिवार्य स्विच अफ गरी एक ठाउँमा जम्मा गर्नुपर्ने ।
४. अध्यक्ष ज्यू समक्ष आदेश माग गरी समय उपलब्ध भए पछि मात्र बोल्नु पर्ने ।
५. हलमा प्रवेश गरेपछी बाहिर निस्कन नपाइने ।अति आवश्यक काममा बाहिर निस्कनु पर्ने भएमा अध्यक्ष ज्यू समक्ष आदेश माग गरेपछि मात्र पालै पालो बाहिर जान पाइने । बाहिर जाने ब्यक्ति बढीमा ५ मिनेट भित्रमा हल प्रवेश गरिसक्नु पर्ने । ढिलो गरेमा हल भित्र प्रवेश गर्न नपाइने ।
६. अध्यक्ष ज्यूको लिखित आदेश बमोजिम कार्यपालिकाको बैठकको एजेन्डा प्रस्तुत हुनु पर्ने ।
७. कुनै कार्यपालिकाको सदस्यलाई आगामी कार्यपालिकाको बैठकमा कुनै एजेन्डा प्रस्तुत गर्नु पर्ने भए अध्यक्ष ज्यूलाई टिपाउनु पर्ने ।
८. कार्यपालिकाको बैठकमा गरिएका निर्णयहरुको गोप्यता मेनटेन गर्नु पर्ने । आधिकारिक रुपमा कार्यालयबाट प्रकाशित/प्रशारित नभइन्जेल सम्मको लागि बाहिर हल्ला गर्न नपाइने ।
९. कार्यपालिकाको बैठक बोलाइएको ठीक समयमा नै शुरु गर्ने । ५ मिनेट भन्दा ढीलो गर्ने सदस्य ज्यूहरुलाई प्रवेश निषेध गर्ने ।
१०. कार्यपालिकाको बैठकमा अनधिकृत ब्यक्तिको प्रवेश निषेध गर्ने । अध्यक्ष ज्यूलाई जानकारी नदिई कार्वयाहक वडाध्यक्षले कार्यपालिकाको बैठकमा प्रवेश गर्न नपाउने

माथि उल्लेखित आचारसंहिता उल्लंघन गर्ने कार्यपालिकाको सदस्यहरुलाई अध्यक्षज्यूले प्रचलित कानून बमोजिम सचेत गराउने, चेतावनी दिने, निर्णयमा सहभागी नगराउने, बैठक बाट निकाल्ने, स्पष्टिकरण लिने, कुनै पनि बैठकमा प्रवेश निषेध गर्ने, सेवा सुविधा रोक्का गर्ने सम्मको कारवाही गर्ने ।निवार्य रुपमा पालना गर्नु पर्ने गरी निम्नुसारको आचारसंहिता लागु गर्ने ।

**४. वडासदस्यको सेवा सुविधा संबन्धमा**

प्रचलित कानून बमोजिम वडा सदस्यले सेवा सुविधा भुक्तानीको लागि कार्यलयमा निवेदन पेश गर्दा अनिवार्य रुपमा वडाध्यक्ष ज्यूको लिखित सिफारिस सहित पेश गर्नु पर्ने । संवन्धित वार्डको वडाध्यक्षको लिखित सिफारिस बिना माग गरिएको जुन सुकै किसिमको सेवा सुविधाको निवेदन उपर कार्यालयले भुक्तानी नगर्ने । पुनश्च कार्यवाहक वडाध्यक्षको हैसियतले गरेको सिफारिस अमान्य हुने ।

**५. वडा कार्यालय तथा गाउँपालिकाको कार्यालयको सवारी साधन (मोटरसाईकल) संबन्धमा**

साविकको गा.वि.स.ले खरिद गरेको तथा हाल यस गाउँपालिका अन्तर्गतको वडा कार्यालयका मोटरसाइकलहरु तथा गाउँपालिका स्थापना पश्चात गाउँकार्यपालिकाको कार्यालयले खरिद गरेका मोटरसाइकलहरु अनधिकृत तवरले जथाभावी प्रयोग भएको भन्ने जनगुनासो आएकोले निम्नानुसार व्यबस्थापन गर्ने ।

१. वडा नं. ५ इसिबुको बाइक वडा सचिव श्री दुर्गा प्रसाद भण्डारीले ५ दिन भित्रमा वडा कार्यालयमा दाखिला गर्नुपर्ने ।म्याद भित्र दाखिला नगरेमा कानून बमोजिम कारबाही गर्ने ।
२. वडा कार्यालय र गाउँपालिकाको कार्यालयका बाइकहरु जथाभावी रुपमा, बिना लाइसेन्स, नविकरण नगरी, छुट्टीको बेला, व्यक्तिगत काममा प्रयोग गर्न नपाइने ।
३. वडासदस्य तथा कर्मचारीहरुले प्रयोग गरिरहेको मोटरसाइकलको चाबी क्रमशः वडाध्यक्ष र कार्यालय प्रमुख समक्ष बुझाउनु पर्ने ।
४. अफिसयल काममा मोटरसाइकल प्रयोग गर्नु परेमा वडाको हकमा वडाध्यक्ष र गाउँपालिकाको कार्यालयको हकमा प्रमुख प्रशासकीय अधिकृतको लिखित अनुमति लिनुपर्ने ।
५. लिखित अनुमति बिना प्रयोग गर्ने, चाबि बुझाउन आनाकानी गर्ने, ढिलाइ गर्ने, नटेर्ने, वडासदस्य तथा कर्मचारीहरुलाई कानून बमोजिम कारबाही गर्ने

**६. म.ले.प. को प्रारम्भिक रिपोर्ट अनुसार बेरुजुमा परेका गत बर्षका योजनाहरुको संबन्धमा**

आ.ब. २०७४।०७५ को योजनाहरु मध्ये महालेखा परीक्षकको कार्यालय, डोरसुकाम तेह्रथुमको प्रारम्भिक प्रतिबेदन बमोजिम बेरुजुमा परेका निम्नुसारका योजनाहरुलाई २५ गते भित्रमा बेरुजु फछ्र्यौट गर्नु पर्ने, अन्यथा कानून बमोजिम कारबाही गर्ने ।

प्रशासकीय अधिकृत

# गाउँ कार्यपालिकाको कार्यालय

पोक्लावाङ, तेह्रथुम

१ नं. प्रदेश, नेपाल

| क.सं. | योजना/कार्यक्रमको नाम | बेरुजुको विवरण | गर्नुपर्ने | कैफियत |
|---|---|---|---|---|
| १ | मार्शेटार खेल मैदान, जलजले | संझौता भन्दा ८३.७०% कम काम गरेको । कार्यसम्पन्नको आधारमा रु. ७,४१,२१५ भुक्तानी गर्नुपर्नेमा रु. ७,६७,९९० भुक्तानी भएकोले बढी भुक्तानी रु. २६,७७५ असुल गर्नुपर्ने | नेपाल बैंक, म्याङलुङमा रेहको गाउँपालिकाको संचित कोष ०५४०३०००००००४००१०१२ मा रु. २६,७७५ दाखिला गरेको प्रमाण पेश गर्नु पर्ने | |
| २ | पञ्चकन्या आ.बि. हांसोरुङ | विद्यालयको जिन्सी खातामा फर्निचरको दाखिला नभएको | दाखिला पेश गर्नु पर्ने | |
| ३ | जलेश्वर आ.बि. | विद्यालयको जिन्सी खातामा फर्निचरको दाखिला नभएको | दाखिला पेश गर्नु पर्ने | |
| ४ | स्वास्थ्य चौकी पुर्ण खोप वडा घोषणा कार्यक्रम, सिम्ले | खर्च साथ बिल भरपाई पेश नभएको | बिल भरपाई पेश गर्नु पर्ने | |
| ५ | ४ नं. वडा कार्यालय ब्यबस्थापन | खरिद गरिएका २ थान सोफा सेटको दाखिला पेश नभएको | दाखिला पेश गर्नु पर्ने | |
| ६ | लोगुवा विद्युत बिस्तार, ओयाक्जुङ | अन्तिम बिलमा रु. ४८,०००।- भुक्तानी गर्नु पर्ने लेखिएकोमा रु. ४९,८१२.६४ भुक्तानी भएकोले बढी भुक्तानी रु. १८१३ असुल उपर गर्नु पर्ने | नेपाल बैंक, म्याङलुङमा रेहको गाउँपालिकाको संचित कोष ०५४०३०००००००४००१०१२ मा रु. १,८१३ दाखिला गरेको प्रमाण पेश गर्नु पर्ने | |
| ७ | जलजले वडा कार्यालय ट्रष्ट ब्यबस्थापन, जलजले | सिंहबाहिनी सप्लायर्सबाट खरिद भएको रू. ३१,०००।- फलामको भऱ्याङको भ्याट बिल संलग्न नभएकोले भ्याट बिल संलग्न गर्नु पर्ने या असुल उपर हुनु पर्ने | नेपाल बैंक, म्याङलुङमा रेहको गाउँपालिकाको संचित कोष ०५४०३०००००००४००१०१२ मा रु. ३१,०००।- दाखिला गरेको प्रमाण पेश गर्नु पर्ने | |
| ८ | ह्यात्रुङ झरना प्रवर्द्धन कार्यक्रम, सम्दु, इसिबु | सड़क निर्माण कार्य गर्दा रु. ५,३२,६४६.२२ भुक्तानी भएकोमा एक्साभेटर प्रयोग भएको रु. ६१,२७८ को भ्याट बिल पेश नभएकोले भ्याट बिल पेश गर्नु पर्ने या असुल उपर हुनु पर्ने | नेपाल बैंक, म्याङलुङमा रेहको गाउँपालिकाको संचित कोष ०५४०३०००००००४००१०१२ मा रु. ६१,२७८ दाखिला गरेको प्रमाण पेश गर्नु पर्ने | |

फेदाप गाउँपालिका

# गाउँ कार्यपालिकाको कार्यालय

पोक्लावाङ, तेह्रथुम

१ नं. प्रदेश, नेपाल

फेदाप गाउँपालिका गाउँ कार्यपालिकाको कार्यालय पोक्लावाङ, तेह्रथुम १ नं. प्रदेश नेपाल

**७. प्रदेश सशर्त अनुदान संबन्धमा**

आर्थिक मामिला तथा योजना मन्त्रालय, प्रदेश नं. १, बिराटनगरको च.नं. ४६, मिति २०७५।०८।०३ को पत्रानुसार यस गाउँपालिकालाइ प्राप्त सशर्त अनुदान अन्तर्गत सिम्रा औंशिडाँडा हुंदै गुफा जोड्ने सडकको स्तरोन्नती शिर्षकमा प्राप्त रु. १,३५,००,०००।- को योजना कार्यान्वयन गर्ने संबन्धमा गाउँ कार्यपालिकाको मिति २०७५।१०।२५ गते बसेको बैठक संख्या १५।२०७५-०७६ निर्णय नं. ३ बमोजिम सोही योजना बाट डिपिआर तयार गर्न खर्च भएको बजेट मध्ये बांकी बजेटले सार्वजनिक खरिद ऐन, २०६३ को दफा ८ को उपदफा १ (क) को बुंदान नं. २ बमोजिम "राष्ट्रिय स्तरमा खुल्ला बोलपत्र आव्हान गरी" (टेन्डर) प्रकृया बाट योजना कार्यान्वयन गर्न आवश्यक प्रकृया अगाडी बढाउने ।

**९. पशु सेवा शाखाको लागि आवश्यक कार्यालय सहयोगी करारमा नियुक्त गर्ने संबन्धमा**

चालु आ.ब. २०७५।०७६ को स्विकृत बार्षिक कार्यक्रम अन्तर्गत पशु सेवा शाखाको लागि आवश्यक १ जना कार्यालय सहयोगी करारमा नियुक्त गर्नको लागि देहाय बमोजिम समिति गठन गर्ने । समितिले आफ्नो कार्यबिधि आफैं तर्जुमा गरी कार्यालय सहयोगी करारमा नियुक्त गर्ने

१. प्रमुख प्रशासकीय अधिकृत - संयोजक

२. पशु सेवा शाखा प्रमुख - सदस्य

३. क.प्र. शाखा प्रमुख - सदस्य सचिव

प्रमुख प्रशासकीय अधिकृत